# सोपान मल्टिपल लिमिटेडको
# सत्रौं वार्षिक साधारणसभाको काम कारवाहीको निर्णय (माईन्यूट) विवरण

यस सोपान मल्टिपल लिमिटेडको सत्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा. विरेन्द्र प्रसाद महतोज्यूको अध्यक्षतामा देहायको मिति, समय र स्थानमा बसी सभामा पेश भएका प्रस्तावहरु उपर छलफल भई देहाय बमोजिमका निर्णयहरु गरियो ।

**१. सभाको मिति, समय र स्थान :**

मिति : २०८२ साल आश्विन ८ गते बुधवार तदनुसार २४ सेप्टेम्बर, २०२५ ।
समय : बिहान ११:०० बजे ।
स्थान : हर्ष वाटिका, बालकुमारी, ललितपुर ।

**२. सभाको सूचना :**

यस कम्पनीको मिति २०८२/०५/०५ गते बसेको संचालक समितिको वैठकको निर्णयानुसार सभा हुने मिति, समय र स्थान तथा वार्षिक साधारण सभामा पेश गरी छलफल गर्ने विषयहरु उल्लेख गरी मिति २०८२/०५/१२ गतेको राष्ट्रिय आर्थिक दैनिक पत्रिकामा सूचना प्रकाशित गरी मिति २०८२/०५/३१ गते वार्षिक साधारण सभा गर्ने भनिएकोमा मिति २०८२ भाद्र २२ गते र २३ गते भएको जेन्जी आन्दोलनबाट देशमा उत्पन्न विषम परिस्थितिका कारण मिति २०८२/०५/३१ गतेको बसेको सञ्चालक समितिको वैठकको निर्णय अनुसार साधारणसभामा पेश गर्ने सम्पूर्ण प्रस्तावहरुलाई यथावत राखि मिति २०८२/०६/०८ गते साधारणसभा गर्ने गरी साधारणसभाको मिति मात्र परिवर्तन गरिएको र सोको सूचना समेत मिति २०८२/०६/०१ गतेको आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित गरी सम्बन्धित शेयरधनीहरुको ठेगानामा सूचना पठाइएको व्यहोरा सभा सञ्चालकले सभामा जानकारी गराउनु भयो ।

**३. गणपूरक संख्या :**

| कुल शेयर संख्या | स्वयं उपस्थिति | | प्रतिनिधि मार्फत | | कुल उपस्थिति | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | जना | शेयर संख्या | जना | शेयर संख्या | जना | शेयर संख्या | |
| १,१६,६०,००० | ११४ | ५४,४७,७५६ | ३७ | २१,८३,९९६ | १५१ | ७६,३१,७५२ | ६५.४५ |

<u>छलफलका विषयहरु</u> :

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ. व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा- नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु लगाएतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ. व. २०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**(ख) विषेश प्रस्ताव :**

(१) आ. व. २०८१/०८२ सम्मको सञ्चित मुनाफाबाट सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम नगद लाभांश तथा बोनस शेयर बितरण गर्न (नगद लाभांश तथा बोनस शेयर बापतको कर प्रयोजनको लागि समेत) स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

(२) कम्पनीको पूँजी वृद्धि गर्ने र प्रवन्धपत्रको दफा ६(ख) र (ग) मा संशोधन गर्ने सम्बन्धमा ।

(३) कम्पनीको प्रवन्धपत्रमा सर्वसाधारणको लागि छुट्याईएको साधारण शेयरको प्रचलित धितोपत्र सम्बन्धी कानून तथा कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम यस कम्पनी योग्य भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई प्रिमियम मूल्यमा र योग्य नभएमा अंकित मूल्यमा नै सर्वसाधारणमा प्रारम्भिक सार्वजनिक निश्काशन गर्ने र सो सम्बन्धी सम्पूर्ण कार्यहरु गर्न गराउनकालागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

SOPAN MULTIPLE COMPANY LIMITED KATHMANDU-NEPAL, 2008

(४) प्रवन्धपत्रमा गरिएको संशोधन सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट वा संशोधनको लागि निर्देशन भई आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**(ग) विविध ।**

**४. उपस्थिती :**

**क) संचालकहरुको उपस्थिती**

| | |
|---|---|
| डा. श्री विरेन्द्र प्रसाद महतो | अध्यक्ष |
| डा. ई. श्री तारा प्रसाद पोखेल | सञ्चालक |
| ई. श्री रामेश्वर रिजाल | सञ्चालक |
| श्री अशोक कुमार खड्का | सञ्चालक |
| श्री अनिश साह | सञ्चालक |
| श्री विनय कुमार तोदी | सञ्चालक |
| श्रीमती ललिता बस्याल | स्वतन्त्र सञ्चालक |

**ख) अन्य पदाधिकारीहरुको उपस्थिती :**

| | |
|---|---|
| श्री सुमन रिजाल | लेखा अधिकृत/कम्पनी सचिव |
| श्री सुनिर कुमार ढुङ्गेल | प्रतिनिधि, लेखा परीक्षक |
| श्री रमेश प्रसाद धिताल | कानूनी सल्लाहकार |
| श्री सुसिल पनेरु | आमन्त्रित प्रतिनिधि, कम्पनी रजिस्टारको कार्यालय |

**५. सभाको वैधानिकता :**

यस कम्पनीको सत्रौं वार्षिक साधारण सभा हर्ष वाटिका, बालकुमारी, ललितपुरमा बस्ने सम्बन्धमा शेयरधनी महानुभावहरुलाई सभामा छलफल गर्ने प्रस्ताव सहित २१ दिन अगावै सूचना दिईएको साथै साधारणसभाको मिति परिवर्तन समेतको ७ दिन अगावै सूचना दिईएकोमा आजको सभामा स्वयं उपस्थित तथा प्रतिनिधि मार्फत उपस्थित गरी कुल १५१ जना शेयरधनीको उपस्थिति रहेको र कुल शेयर संख्याको ६५.४५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति भएकोले आजको सभा संचालन गर्नलाई कम्पनी ऐन, २०६३ बमोजिम गणपुरक संख्या पर्याप्त भएकोले कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम आजको सभा वैधानिक भएको व्यहोरा सभा सञ्चालकले सभामा गराउनु भयो र सभाले पनि ताली बजाएर सो को समर्थन गऱ्यो ।

**६. सभाको उद्घाटन तथा स्वागत मन्तव्य :**

सभाका अध्यक्ष श्री विरन्द्र प्रसाद महतोज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको औपचारिक उद्घाटन गर्नुभयो । तत्पश्चात् सञ्चालक श्री अशोक कुमार खड्काले सभामा उपस्थित सम्पूर्ण शेयरधनी एवं अतिथिहरुलाई स्वागत गर्दै आफ्नो छोटो मन्तव्य राख्नुभयो ।

**७. प्रस्तावहरुको प्रस्तुति र सो उपर छलफल तथा निर्णय :**

सभाका अध्यक्षको अनुमतिबाट सभा सञ्चालकले सत्रौं वार्षिक साधारणसभाकालागि पूर्व निर्धारित सामान्य तथा विशेष प्रस्ताव अन्तर्गतका छलफलका विषयसूचिहरु क्रमशः सभामा प्रस्तुत गर्नुभयो र सभाबाट सो उपर छलफल भई देहाय बमोजिमका निर्णयहरु भयो ।

**क. सामान्य प्रस्तावहरु उपरको छलफल र निर्णय :**

निर्णय नं. १

संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुभएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदनका सम्बन्धमा संस्थापक शेयरधनी श्री प्रेम राज भट्ट, श्री जटाधर झा तथा श्री वल बहादुर पराजुलीले कम्पनीको आर्थिक अवस्था, प्राथमिक शेयर निष्काशनमा भएको प्रगति, आगामी वर्षको कार्ययोजना लगायत विषयमा जिज्ञासा राख्दै कम्पनीले समिक्षा वर्षमा उल्लेख्य प्रगति हासिल गर्न सकेकोमा धन्यवाद पनि दिनुभयो र सर्वसाधारणमा शेयर निष्काशन गर्ने कार्य यथाशिघ्र अगाडी बढाई विवरणपत्र छिटो दर्ता गर्न समेत सुझाव दिनुभयो । अन्तमा, शेयरधनी महानुभावहरुले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्ष र निजको आदेशानुसार सञ्चालक श्री अशोक कुमार खड्काले जवाफ दिनुभयो । तत्पश्चात सभामा पेश भएको सञ्चालक समितिको आ. व. २०८१/०८२ को वार्षिक प्रतिवेदनलाई सभाबाट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

SOPAN MULTIPLE COMPANY LIMITED KATHMANDU-NEPAL, 2006

**निर्णय नं. २**
यस कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका सम्पूर्ण वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृतिकालागि सभामा प्रस्ताव पेश भएकोमा सो उपर सभामा छलफल भई सभाबाट सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय भयो ।

**निर्णय नं. ३**
यस कम्पनीको चालु आर्थिक वर्ष २०८२/०८३ को वैधानिक लेखा परीक्षण, कर लेखा परीक्षण लगायतका अन्य वित्तीय विवरणहरु तथा कम्पनी ऐन, २०६३ को दफा ७८ प्रमाणित गर्ने कार्यका लागि समेत गरी लेखा परीक्षण समितिको सिफारिश बमोजिम लेखा परीक्षक श्री यु. के. एशोसियट्स, चाटर्ड एकाउन्टेन्ट्स, काठमाण्डौंलाई मूल्य अभिवृद्धि कर बाहेक रु. २,५०,०००/- (अक्षरेपी दुई लाख पचास हजार रुपैयाँ मात्र) पारिश्रमिक भुक्तानी गर्ने गरी आर्थिक वर्ष २०८२/०८३ को लागि यस कम्पनीको लेखा परीक्षकमा नियुक्त गर्ने निर्णय भयो ।

**ख. विशेष प्रस्तावहरु उपरको छलफल र निर्णय :**

**निर्णय नं. १ :**
यस कम्पनीको आ. व. २०८१/०८२ सम्मको सञ्चित मुनाफाबाट कम्पनीका शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु. १,१६,६०,००,०००/- को ३५ प्रतिशत अर्थात रु. ४०,८१,००,०००/- बराबरको नगद लाभांश र ३० प्रतिशतले हुन आउने ३४,९८,००० थान कित्ता शेयर अथार्त रु. ३४,९८,००,०००/- बराबरको बोनस शेयर वितरण गर्ने (नगद लाभांश तथा बोनस शेयर बापतको कर प्रयोजनको लागि बाहेक) प्रस्ताव सभामा पेश भएकोमा सभाबाट सर्वसम्मत रुपमा उक्त प्रस्तावलाई स्वीकृत गर्ने निर्णय भयो ।

**निर्णय नं. २ :**
बोनस शेयर जारी गरे पश्चात चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रवन्धपत्रको दफा ६को खण्ड (ख) र (ग) मा संशोधन गर्ने प्रस्ताव सभामा पेश भएकोमा सभाबाट देहाय बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सभाबाट निर्णय भयो ।

**प्रवन्धपत्रमा भएको संशोधन :**

**दफा ६(ख) :** कम्पनीको जारी पूँजी रु. १,८९,४७,५०,०००/- (एक अर्व उनानब्बे करोड सत्चालिस लाख पचास हजार) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले १,८९,४७,५०० (एक करोड उनानब्बे लाख सत्चालिस हजार पाँच सय) थान शेयरमा विभाजन गरिएको छ ।

**दफा ६(ग) :** कम्पनीका सस्थापकहरुले तत्काल चुक्ता गर्न कवुल गरेको गरेको पूँजी रु. १,५१,५८,००,०००/- हुनेछ ।

**निर्णय नं. ३**
यस कम्पनीको प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम सर्वसाधारणलाई समेत कम्पनीमा सहभागी गराउने र कम्पनीको प्रवन्धपत्रमा भएको उद्देश्य हासिल गर्नकालागि सर्वसाधारण समूहकालागि छुट्याईएको जारी पूँजीको २० प्रतिशत अर्थात् रु. ३७,८९,५०,०००/- बराबरको ३७,८९,५०० कित्ता धितोपत्रको प्रचलित धितोपत्र सम्बन्धी कानून तथा कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम यस कम्पनी योग्य भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई प्रिमियम मूल्यमा र योग्य नभएमा अंकित मूल्यमा नै सर्वसाधारणमा प्रारम्भिक सार्वजनिक निश्काशन गर्ने र सो सम्बन्धी सम्पूर्ण कार्यहरु गर्न गराउनकालागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव सभामा पेश भएकोमा सभाबाट प्रस्ताव बमोजिम नै यस कम्पनी योग्य भएमा प्रिमियम मूल्यमा र योग्य नभएमा अंकित मूल्यमा नै सर्वसाधारणमा प्राथमिक सार्वजनिक निष्काशन गर्ने र सो सम्बन्धी आवश्यक निर्णयहरु गर्न तथा सो सम्बन्धी अन्य आवश्यक काम कारवाही गर्न गराउन सञ्चालक समितिलाई वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सभाबाट निर्णय भयो ।

**निर्णय नं. ३**
यस कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट वा संशोधनको लागि निर्देशन भई आएमा सोही बमोजिम गर्न गराउन सभाबाट संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

SOPAN MULTIPLE COMPANY LIMITED
KATHMANDU-NEPAL, 200_

**विविध :**

विविध प्रस्ताव अन्तर्गत अन्य केही छलफलका विषयहरु नभएको जानकारी सभा सञ्चालकले सभामा गराउनु भयो ।

८. **सभाको समापन :**

सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरुको प्रस्तुति तथा सो उपरको छलफल समाप्त भई सो विषयमा सभाबाट आवश्यक निर्णयहरु समेत भएकाले सभा अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत अन्य सबै अतिथि महानुभावहरु र व्यवस्थापन पक्षका कर्मचारीहरुलाई साधारण सभा सभ्य र भव्य तवरबाट सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद दिंदै आजको सत्रौं वार्षिक साधारणसभा समापन भएको घोषणा गर्नुभयो ।

SOPAN MULTIPLE COMPANY LIMITED KATHMANDU-NEPAL, 2006

| | | |
|---|---|---|
| सुमन प्र. रिजाल<br>कम्पनी सचिव | | डा. विरेन्द्र प्रसाद महतो<br>अध्यक्ष |

सभा सम्पन्न भएको मिति : २०८२ साल आश्विन ८ गते वुधवार ।